
# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पौवादुङमा गाउँपालिका
## भोजपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

२०७९ आषाढ

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**


पत्र संख्या: २०७८।७९
च.नं. ४८४

मिति: २०७९।३।२४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पौवादुङमा गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
भोजपुर ।

**कैफियतसहितको राय**

हामीले पौवादुङमा गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू १ करोड ३१ लाख ३० हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रु ७७ लाख ६२ हजार फछर्योट भई बाँकी बेरुजु रु ५३ लाख ६८ हजार कायम भएकोमा सोमध्ये असुल गर्नुपर्ने रू. १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८ लाख १३हजार, नियमित गर्नुपर्ने रू.४५ लाख ३७ हजार रहेको छ ।गाउँपालिकाको गत वर्ष २ करोड ३३ लाख ३० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्योट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु. २करोड ६६ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य.)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

पौवदुङमा गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६४ | ३६ | १३१३० | ० | २१ | ७७६२ | ६४ | १५ | ५३६८ | १८ | ४५३७ | ८१३ | ० | ० | ५३५० | ० |

## अद्यावधिक बेरुजु स्थिति

२०७७।७८

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पौवादुङमा गाउँपालिका भोजपुर | २३३३० | ० | २०६४ | २१२६६ | ० | ५३६८ | २६६३४ |

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं. १ लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०७९/८०

मिति : २०७९-६-२९

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
पौवादुङमा गाउँपालिका, भोजपुर ,
पौवादुङ्गा गाउँपालिका , भोजपुर

लेखापरीक्षण ऐन २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७८।७९ को विनियोजन/राजस्व/धरौटी र अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७९।५।१७ मा छलफल पश्चात् तयार गरिएको पाना ५१ को प्रारम्भिक प्रतिवेदन साथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखात्तदायी अधिकृत कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

तोयनारायण पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः

कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर ।,
bhojpur.dtco@fcgo.gov.np
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौं ।, info@mofaga.gov.np

Dashboard
Audit Follow-up
Follow-up Request
Followup Report

| SN. | कार्यालयको नाम | आ. व. | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|
| 1 | | २०७८/७९ | १६६४२८१५ ४१ | ० | असूल गर्नुपर्ने : १६९४८२.३३<br>जम्मा पेश्की : ०<br>अनियमित भएको : ४३०५६१८.००<br>सोधभर्ना नलिएको : ०<br>जिम्मेवारी नसारेको : ०<br>प्रमाणका पेश नभएको : १०२०९४९५.०८ | ० |

Rows per page: 10 ▾ 1-1 of 1

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
प्रदेश नं १, नेपाल

पत्र सं २०७९।८०
च नं १४४

मिति : २०७९।५।१४

विषयः लिखित प्रतिनिधित्व पत्र ।

श्री महालेखापरीक्षकको कार्यालय
डोरसुकाम, भोजपुर ।

यस मन्त्रालय÷विभाग÷कार्यालयको आर्थिक वर्ष २०७७।७८ को वित्तीय कारोबारहरूको लेखापरीक्षण गर्न र ती वित्तीय विवरणहरूउपर राय उपलब्ध गराउन तपाई तोकिनुभएको ज्ञात भयो । त्यस कार्यको सिलसिलामा यस मन्त्रालय÷विभाग÷कार्यालयको कारोबारसम्बन्धी लिखित प्रतिनिधित्व पत्र ( **Written Representation Letter)** यसैसाथ संलग्न गरी पेश गरेका छौं । प्रचलित कानुन तथा लेखा प्रणालीले तोकेअनुसारको ढाँचामा आर्थिक विवरण पेश गर्ने हाम्रो उत्तरदायित्व र सो विवरणउपर परीक्षण गरी राय दिनु तहाँको उत्तरदायित्व भएको हामीलाई जानकारी छ ।

तपाईलाई मिति २०७९/५/१४ को पत्रसाथ उपलब्ध गराइएको आर्थिक विवरणहरू एवं निम्नानुसारको व्यहोराबाट खुलासा हुने व्यहोरा अनुरोध गरिन्छ।

- आर्थिक कारोबार तथा आन्तरिक नियन्त्रण व्यवस्थापन कार्यमा संलग्न कर्मचारीबाट आर्थिक विवरणको सारभूत पक्षमा असर पर्ने गरी कुनै अनियमित कार्य भएको छैन,
- आर्थिक कारोबारको पर्याप्त पुष्ट्याईको लागि आवश्यक प्रमाण, आदेश, निर्णयलगायतका सान्दर्भिक कागजातहरू लेखासाथ संलग्न छन्,
- संलग्न आर्थिक विवरणमा उल्लेख भए बाहेक अन्य कारोबार यस कार्यालयबाट सञ्चालित छैन,
- कार्यालयको आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरिएको छ । सरकारी नगदी जिन्सी जिम्मा लिने, कारोबारमा संलग्न हुने वा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने जिम्मेवारीमा रहेको कुनै व्यक्तिबाट जानाजानी वा बदनियतपूर्वक कुनै काम कारबाही भएको छैन । त्यस्तो कुनै काम कारवाही भएको अवस्थाबारे लेखापरीक्षकलाई उपयुक्त समय र माध्यमबाट जानकारी गराइएको छ ।
- आर्थिक विवरणमा समावेश भएका सम्पत्तिको स्वामित्व कार्यालयमा विवादरहित रुपमा रहेको छ,
- मन्त्रालय÷विभाग÷कार्यालयका आर्थिक विवरणहरू कानुनले तोकेबमोजिम सत्य तथ्य कुराहरूमा आधारित छन् र गलत आँकडाहरू समावेश गरिएको छैन,
- आर्थिक विवरणको अवधि पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,
- अवधि पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,
- कार्यालयका प्रमुख र लेखा प्रमुखको जिम्मेवारी र जवाफदेहिताको अवधिसहितको विवरण पेश गरिएको छ, पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,
- कारोबारका सम्बन्धमा कुनै मुद्दा मामिला भएको तथा स्रेस्ता कागजात अन्यत्र लगिएको छैन, प्रमुख र लेखा प्रमुखको जिम्मेवारी र जवाफदेहिताको अवधिसहितको विवरण पेश गरिएको छ, पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ मा तोकिएको अवधिभित्र बेरुजु फर्स्योट गरी सम्परीक्षणको लागि अनुरोध गरिनेछ । सम्बन्धमा कुनै मुद्दा मामिला भएको तथा स्रेस्ता कागजात अन्यत्र लगिएको छैन, प्रमुख र लेखा प्रमुखको जिम्मेवारी र जवाफदेहिताको अवधिसहितको विवरण पेश गरिएको छ, पश्चात् आर्थिक विवरणमा उल्लिखित व्यहोरालाई असर पार्न सक्ने विवरण (पेस्की फछ्र्यौट, भुक्तानी नभएका चेकको विवरण, मार्गस्थ नगद, बढी भुक्तानी असुल जस्ताको विवरण) भएका कारोबारहरू यो आर्थिक विवरणमा चित्रण नगरी छुट्टै पेश गरिएको छ,

आर्थिक प्रशासन/लेखा
प्रमुख

मन्त्रालय/विभागीय/कार्यालय
प्रमुख

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Phone: 4258174
4266034
4255707
A.G. Fax: 977-1-4268309
Fax: 977-1-4262798
Post Box: 13328


पौवादुङमा गाउँकार्यपालिकाको कार्यालय, च्याम्रे, भोजपुरको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण टोली र कार्यालयका पदाधिकारीहरु बीच लेखापरीक्षण कार्यारम्भ गर्ने विषयमा छलफल गर्ने कार्य आज मिति २०७९/५/१४ गते सम्पन्न भयो ।

कार्यालयको नाम : पौवादुङमा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर।

आर्थिक वर्ष : २०७८/७९

प्रवेश बैठक मिति : २०७९-५-१४

१ कार्यालयको तर्फबाट उपस्थिति

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री किरण राई | |
| उपाध्यक्ष | श्री ज्योत्सना राई | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री नविन भट्टराई | |
| सब इन्जिनियर | श्री सोवित घिमिरे | |
| प्रशासन प्रमुख | श्री बुद्धिमान तामाङ | |
| आलेप प्रमुख | श्री राम्लिहाङ राई | |
| लेखा प्रमुख | श्री भक्ति राई | |
| योजना शाखा प्रमुख | श्री आङलाक्पा तामाङ | |
| शिक्षा शाखा प्रमुख | श्री सुनिता कटुवाल | |
| स्वास्थ्य शाखा प्रमुख | श्री गेहेन्द्र कुमार उपाध्याय | |

२ महालेखापरीक्षक कार्यालयको तर्फबाट

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| निर्देशक | श्री तोयनारायण पौडेल | |
| लेखापरीक्षण अधिकारी | श्री कविता चौधरी | |
| लेखापरीक्षण अधिक्षक | श्री त्रिलोचन संग्रौला | |
| कम्प्युटर अपरेटर | श्री लोकेश भट्टराई | |

## ३. लेखापरीक्षणको उद्देश्य

कार्यालयको तालुक निकायको एकिकृत वित्तीय विवरण उपर उचित आश्वस्तताको राय प्रकट गर्न आवश्यक पर्ने र पहिचान गरिएका विषय, कारोवार तथा खुलासाहरुको परीक्षण गरी लेखापरीक्षण राय प्रदान गर्न आवश्यक लेखापरीक्षण प्रमाण एकत्र गर्नु तथा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानन बमोजिम कार्यालयका कारोवारहरुको परीक्षण गरी कार्यालयलाई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्न यो

४. लेखापरीक्षणको क्षेत्र

तालुक निकायको एकिकृत वित्तीय विवरण तयार गर्दा हुनसक्ने अन्तर्निहित जोखिम, आन्तरिक नियन्त्रण व्यवस्था, आन्तरिक लेखापरीक्षणको प्रभावकारिता र नियन्त्रण जोखिमको अवस्थाको मूल्याङ्कन गरी सम्भावित असरहरू तथा कार्यालयले गरेका कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता उपर परीक्षण गर्ने गरी यस लेखापरीक्षण योजनामा तोकिएका क्षेत्रलाई यस वर्षको लेखापरीक्षणको क्षेत्र कायम गरिएको छ ।

५. लेखापरीक्षण अवधि

मिति २०७९-५-१४ देखि २०७९-५-१७ सम्म रहने छ । आवश्यकतानुसार अवधि थप हुन सक्नेछ ।

६. बैठकमा छलफल भएका प्रमुख व्यहोरा तथा निणंयहरु

- कायालयको भूमिका
- लेखापरीक्षण टोलीको भूमिका
- सम्बाद गर्न आवश्यक विषयहरु
- लेखापरीक्षकलाई उपलब्ध हुनुपर्ने विषयहरु
- छलफल गरिएका विषय

७. बैठक अन्त्य टिप्पणी

लेखापरीक्षणवाट माग भएका बिवरणहरु सहज रुपमा उपलब्ध गराईने।